कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# जिल्ला वन पैदावार आपूर्ति समिति, सुनसरी

इनरुवा, नेपाल

## काठ माग सम्बन्धमा निवेदन पेश गर्ने सम्बन्धी सूचना

८२/०८/२४
अध्यक्ष

**(प्रकाशित मितिः २०८२ मंसिर २४ गते)**

आर्थिक वर्ष २०८२/०८३ को जिल्ला वन पैदावार आपूर्ति समिति, सुनसरीको स्वीकृत वार्षिक कार्ययोजना बमोजिम सुनसरी जिल्लामा बसोबास गर्ने स्थानीयवासीहरुलाई सहुलियत दरमा साल जातको चिरान काठ उपलब्ध गराउनको लागि जिल्ला वन पैदावार आपूर्ति समिति, सुनसरीको मिति २०८२/०८/२१ मा वसेको वैठकको निर्णयानुसार यस सुनसरी जिल्लामा बसोबास गर्ने स्थानीयवासीहरुलाई नयाँ घर निर्माण, मर्मत तथा विभिन्न संघ/संस्थाहरुलाई विकास निर्माण कार्यको लागि काठ आवश्यक रहेमा ईच्छुक सरोकारवालाहरुले आजको मितिले ३० (तिस) दिन वा मिति २०८२/०९/२४ गते भित्रमा जिल्ला वन पैदावार आपूर्ति समिति, सुनसरीमा काठ प्राप्तिको लागि तपसिलमा तोकिए बमोजिमका कागजातहरु संलग्न राखी निवेदन पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

(क) निवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु

| क्र.सं. | प्रयोजन | पेश गर्नु पर्ने कागजातहरु |
|---|---|---|
| १ | नयाँ पक्की घर निर्माण | १. निवेदन<br>२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>३. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि<br>४. सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि<br>५. नगरपालिकामा भए घरको प्रमाणित नक्साको प्रतिलिपि<br>६. नगरपालिका तर्फ दुई वर्ष ननाघेको निर्माण ईजाजतको प्रतिलिपि<br>७. गाउँपालिका तर्फको पक्की घर भए घरको प्रमाणित नक्साको प्रतिलिपि<br>८. गाउँपालिका तर्फको पक्की घर भए दुई वर्ष ननाघेको निर्माण ईजाजतको प्रतिलिपि<br>९. स्थानीय तहको सिफारिस<br>१०. घर निर्माण गर्दै गरेको तस्वीर |
| २ | कच्ची घर निर्माण | १. निवेदन<br>२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>३. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि<br>४. सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि<br>५. स्थानीय तहको सिफारिस<br>६. घर निर्माण गर्दै गरेको तस्वीर |

कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# जिल्ला वन पैदावार आपूर्ति समिति, सुनसरी

इनरुवा, नेपाल

अध्यक्ष

| क्र.सं. | प्रयोजन | पेश गर्नु पर्ने कागजातहरु |
|---|---|---|
| ३ | घर मर्मत | १. निवेदन<br>२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>३. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि<br>४. सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि<br>५. नगरपालिका र पक्की घरको हकमा ५ वर्ष पुरा भएको निर्माण ईजाजतको प्रतिलिपि<br>६. स्थानीय तहको सिफारिस |
| ४ | जनसहभागितामा गरिने विकास निर्माण तथा पुरातात्विक सम्पदाको पुनः निर्माण | १. निवेदन<br>२. स्वीकृत लागत इष्टिमेट<br>३. आयोजना संचालन गर्ने माथिल्लो निकायको सिफारिस<br>४. सम्बन्धित सरकारी कार्यालयको सिफारिस<br>५. संस्थाको निर्णय<br>६. सहभागितामूलक विकास निर्माण हो होईन भनी यकीन हुने प्रमाण |

(ख) निर्माण गरिने घर/भवन सम्म पुग्ने वाटोको स्केच नक्शा र निर्माण सुरु गरेको फोटो अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ग) निवेदनमा आफ्नो मोवाईल नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(घ) यस समितिबाट खरिद गरिएको काठ यस जिल्ला भित्र स्वीकृत भएको स्थानमा मात्र प्रयोग गर्न सकिने छ ।

(ङ) निवेदन दर्ता भए पश्चात निवेदनमा पूनः जाँच गर्दा कुनै कागजातहरु अपुग भेटिएमा सोको काम कारवाही गरिने छैन ।

(च) नयाँ घर/भवन निर्माणको हकमा घर निर्माण इजाजत प्राप्त भएको २ (दुई) वर्ष ननाघेको हुनु पर्नेछ ।

(छ) पुरानो घर मर्मतको हकमा घर निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपी अनुसार घर निर्माण गरेको ५ (पाँच) वर्ष पुरा भएको हुनु पर्नेछ ।

जिल्ला वन पैदावार आपूर्ति समिति, सुनसरी
सम्पर्क नं.: ९८५२०५५३६३/९८५२०८५०३०

रु. १० को टिकट

मिति: २०८२/........../..........

श्रीमान सदस्य-सचिव ज्यू

जिल्ला वन पैदावर आपूर्ति समिति, सुनसरी

**विषय: काठ पाउँ भन्ने बारे।**

महोदय,

प्रस्तुत विषयमा मेरो नाममा दर्ता रहेको तपसिलको जग्गामा नयाँ पक्की घर निर्माण/ कच्ची घर निर्माण/ घर मर्मत/ विकास निर्माण गर्नको लागि काठ आवश्यक भएकाले तहाँ समितिबाट सहुलियत दरमा नियमानुसार काठ उपलब्ध गराई दिनु हुन रु. १०।- को टिकट टाँसी आवश्यक कागजातहरु साथै संलग्न राखी यो निवेदन पेश गरेको छु। समितिबाट निवेदन स्वीकृत भई तोकिएको समय भित्र उठाई लान सकिन भने मैले पुन: दावी गर्ने छैन। नियमानुसार आपूर्ति समितिबाट प्राप्त हुने काठ तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्नेछु। अन्यथा भएमा कानून बमोजिम सहुँला बुझाउँला।

**तपसिल**

घर निर्माण/मर्मत/विकास निर्माण गर्ने जग्गाको कित्ता नम्बर:

घर निर्माण/मर्मत/विकास निर्माण हुने जग्गाको ठेगाना:

संलग्न कागजातहरुः

**घर निर्माण/ मर्मत/ विकास निर्माण गर्ने क्षेत्रको खेस्रा नक्शा**

**निवेदक**

नामः

ठेगानाः

फोन नं. :

दस्तखतः